# राष्ट्रिय दैनिक गोरखापत्र, कान्तिपुरमा मिति २०७३।०१।३१ मा प्रकाशित सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय,

सानोठिमी, भक्तपुरको

**२०७२ सालको भूकम्पवाट अति प्रभावित जिल्लाहरुका निःशुल्क छात्रवृत्तिमा प्राविधिक शिक्षा अध्ययन कार्यक्रममा रिक्त रहन आएका सिटहरुमा उत्तीर्ण सूची (पास लिस्ट) मा रहेका परीक्षार्थीहरुलाई निवेदन दिने तथा शिक्षण संस्था प्राथमिकीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

(प्रथम पटक प्रकाशित मिति २०७३।०१।३१)

नेपाल सरकारको आर्थिक वर्ष २०७२/७३ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम २०७२ वैशाख महिनामा गएको महाभूकम्प र त्यसपछिका पराकम्पनबाट अति प्रभावित १४ वटा जिल्ला ( ओखलढुंगा, रामेछाप, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, मकवानपुर, रसुवा, धादिङ, नुवाकोट, गोरखा, काठमाण्डौं, भक्तपुर र ललितपुर) का महाभुकम्पमा परी ज्यान गुमाएका, अशक्त घाइते र घरको पूर्ण क्षती भई क वर्गको परीचय पत्र प्राप्त गरेका एकाघर परिवारका सदस्य छात्र-छात्राहरुलाई प्राविधिक शिक्षा अध्ययनको लागि प्रदान गरीने छात्रवृत्तिका लागि मिति २०७३।०१।०६ गते को निर्णयानुसार मुख्य परीक्षार्थीलाई भर्नाका लागि शिफारिस गरिएकोमा तोकिएको मिति भित्र भर्ना हुन नगई तपसिल बमोजिम सिट रिक्त रहन आएकोले उक्त सिटहरुमा सम्वन्धित शैक्षिक कार्यक्रमको उत्तीर्ण सूची (पास लिष्ट) मा रहेका परीक्षार्थीहरुबाट प्रवेश परीक्षामा प्राप्त प्राताङ्को योग्यताक्रमको आधारमा छनौट गरी शिक्षण संस्थामा भर्नाका लागि शिफारिस गर्नुपर्ने भएकोले उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुलाई मिति २०७३।०२।०९ गते भित्र ( उक्त दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट) निवेदन दर्ता गराउनु सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस सूचना बमोजिम छुट्टा-छुट्टै शैक्षिक कार्यक्रमका लागि दिनु पर्ने निवेदनको ढाँचा परिषद्को वेव साइट **www.ctevt.org.np** मा राखिएको छ । आफू जुन शैक्षिक कार्यक्रमको उत्तीर्ण सूचिमा रहेको हो सो निवेदन डाउनलोड गरी आफूले अध्ययन गर्न चाहेको शिक्षण संस्था प्राथमिकिकरण गरी निवेदनसाथ प्रवेशपत्रको प्रतिलीपी र नतिजा सिट संलग्न गरी निवेदन तोकिएका स्थानहरुमा दर्ता गराउनु पर्नेछ । साथै मुख्य परीक्षार्थीको रुपमा भर्नाका लागि शिक्षण संस्थामा शिफारिस गरिएका परीक्षार्थीहरुले यस बमोजिम निवेदन दर्ता गराउन नपाउने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क.सं. | शैक्षिक कार्यक्रम | कूल रिक्त सिट संख्या | रिक्त रहन आएको शिक्षण संस्थाको नाम र ठेगाना |
|---|---|---|---|
| १ | सामान्य चिकित्सा | ४ | स्कूल अफ हेल्थ साइन्स, भरतपुर, चितवन |
| २ | डिप्लोमा इन फार्मेसी | ४ | स्कूल अफ हेल्थ साइन्स, भरतपुर, चितवन |
| ३ | डिप्लोमा इन कृषि (पशु विज्ञान) | १९ | जनप्रिय उ.मा.वि., हटिया, मकवानपुर<br>जिरी प्राविधिक शिक्षालय, जिरी |
| ४ | डिप्लोमा इन कृषि (बाली विज्ञान) | २० | जनज्योती उ.मा.वि., फोक्सेटार, सिन्धुली<br>जनज्योती उ.मा.वि., वड्डीचौर, सुर्खेत |
| ५ | डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ९ | भेरी प्राविधिक शिक्षालय, नेपालगंज, बाँके |
| ६ | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | २३ | लहान प्राविधिक शिक्षालय, लहान, सिराहा<br>मदन आश्रित स्मृती प्राविधिक शिक्षालय, गोठाटार, काठमाण्डौ<br>मनमोहन स्मृति पोलिटेक्निक इन्स्टिच्यूट, हात्तिमुढा, मोरङ्ग |
| ७ | प्रमाणपत्र तह नर्सिङ्ग | ८ | गौर नर्सिङ्ग कलेज, गौर, रौतहट<br>तानसेन नर्सिङ्ग स्कूल, तानसेन, पाल्पा<br>शैलजा आचार्य स्मृति पोलिटेक्निक, शिसवनी, जहदा, मोरङ्ग |

**निवेदन दर्ता गराउन सकिने कार्यालयहरु**

**१. श्री नेपाल बनेपा पोलिटेक्निक इन्स्ट्यिूट, बनेपा, काभ्रेपलाञ्चोक, फोन नं. ०११-६८१६७३**

**२. श्री बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु औद्योगिक क्षेत्र, काठमाण्डौ, फोन नं.०१-४३५०२२८**

**३. श्री परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३०३४२**

**नियन्त्रक**